


# बीबीआइएन सवारीसाधन सम्झौता

## कार्यान्वयनका चासो र उपलब्ध समाधान

*एसियाली विकास बैंक (एडीबी) को सहजीकरणमा बंगलादेश, भुटान, भारत र नेपाल (बीबीआइएन) ले गत जून २०१५ मा सवारीसाधन सम्झौता (एमभीए) मा हस्ताक्षर गरे । यसको उद्देश्य यात्रुवाहक तथा मालवाहक सवारीसाधनलाई ती देशबीचका सीमा वारपार आवाजगमन गर्न सक्षम बनाउने हो । यस सम्झौताले चार देशहरुलाई नजिक ल्याउनुका साथै बीबीआइएन उपक्षेत्रको व्यापारिक तथा आर्थिक अन्तरसम्वन्धलाई बल पुर्‍याउने लक्ष्य राखिएको छ ।*

*सन् २०१५ मा प्रारम्भिक सम्झौतामा हस्ताक्षर भएपश्चात तथा बंगलादेश, भारत र नेपालले सम्झौतालाई अनुमोदन गरेपश्चात भुटानले भने वातावरणीय चासोहरु औंल्याउँदै यसको अनुमोदनलाई थाँति राख्यो । यद्यपि, भुटानले यो सम्झौता तत्काललाई बीआइएन (बंगलादेश, नेपाल र भारत) बीच मात्रै कार्यान्वयन गर्नका निम्ति सहमति दिएको छ । हाल, सदस्य राष्ट्रहरुले एमभीएको कार्यान्वयन गर्न प्रोटोकलहरु (एउटा यात्रुवाहक र अर्को मालवाहक सवारीसाधनका लागि) माथि छलफल गरिरहेका छन् । प्रोटोकलहरुमा हस्ताक्षर भइसकेपछि एभमीए कार्यान्वयनमा आउनेछ ।*

| चासो | समाधान |
|---|---|
| **१. चार देशको सम्झौता तीन देशबीच कसरी कार्यान्वयनमा आउन सक्छ ?** | बीबीआइएन एमभीएको अनुमोदनलाई थाँति राखेको भुटानको सरकारले आफू पछि जोडिने गरी अन्य तीन देशहरुबीच सम्झौताको कार्यान्वयन गर्न सहमति प्रदान गरेको छ । गत फेब्रुअरी २०२० मा भएको बीबीआइएन एमभीएको पछिल्लो वैठकमा सदस्य राष्ट्रहरुले सम्झौता कार्यान्वयनका लागि तीन राष्ट्रहरुबीच हस्ताक्षर हुने समझदारीपत्र (एमओयू) को मस्यौदामाथि छलफल गरी अन्तिम रुप दिएका छन् । एमओयूमा हस्ताक्षरले यसको कार्यान्वयनलाई सहजीकरण गर्नेछ । |

| चासो | समाधान |
|---|---|
| **२. बीबीआइएन एमभीएको कार्यान्वयनबाट सबैभन्दा ठूलो लाभग्राही को हुन्छ ?** | यस उपक्षेत्रमा सवारीसाधनहरुको निर्वाध आवागमनले कारोवारको लागत घटाउने, सीमा वारपार व्यापार बढाउने तथा आर्थिक क्रियाकलाप फस्टाउन योगदान गर्ने अपेक्षा गरिएको छ । साथै, आ-आफ्ना अर्थतन्त्रको आकार जत्रो भए पनि तीन देशहरुमा रोजगारी सिर्जना गर्न पनि मद्दत पुग्नेछ । |
| **३. एउटा देशबाट अर्को देशमा प्रवेश गर्ने यात्रुवाहक तथा मालबाहक सवारीसाधनका लागि कुन निकायले अनुमति जारी गर्छ ?** | बीबीआइएन एमभीएले उल्लेख गरेको छ कि प्रत्येक देशहरुले अनुमति जारी गर्ने निकायको बारेमा आफैं निर्णय गर्नेछन् र अर्को राष्ट्रलाई जानकारी गराउनेछन्। (एमभीएको धारा ३, अनुच्छेद १२) |
| **४. के एमभीएले भू-परिवेष्ठित राष्ट्रहरुको अधिकारलाई प्रभावित तुल्याउँछ ?** | होइन । एमभीएले स्पष्ट पारेको छ कि यस सम्झौताले हस्ताक्षरकर्ता राष्ट्रहरुको अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताबाट सिर्जित हुने 'भूपरिवेष्ठित राष्ट्रका अधिकार' सँग सम्वन्धित अधिकार र उत्तरदायित्वलाई प्रभावित तुल्याउँदैन । ( एमभीएको धारा १४ को दफा ४) |
| **५. अति कम विकसित/भू-परिवेष्ठित र प्राविधिकरुपमा कमजोर राष्ट्रहरुले यात्रुवाहक तथा मालवाहक सवारीसाधनको आवागमनको अनलाइन अनुगमनका लागि 'ट्र्याकिङ प्रणालीको जडान' को आवश्यकतालाई कसरी परिपूर्ति गर्न सक्छन् ?** | भारत र नेपालबीच 'ट्र्याकिङ प्रणालीको जडान' कार्यान्वयनका क्रममा छ भने भारत र बंगलादेशबीच छलफलका क्रममा छ । यसका अतिरिक्त बंगलादेशले एसिया र प्रशान्तमा कागजरहित सीमा वारपार व्यापारको सहजीकरणसम्बन्धी फ्रेमवर्क सम्झौता (सीपीटीए) मा हस्ताक्षर गरेको छ, जसका लागि 'ट्र्याकिङ प्रणालीको जडान' आवश्यक पर्छ । |
| **६. बीबीआइएन एमभीएका हस्ताक्षरकर्ताहरुबीच सवारीसाधनको आकार र प्रकृतिमा उल्लेख्य भिन्नता छ । एमभीएसले यस मामलालाई कसरी सम्वोधन गर्छ ?** | हस्ताक्षरकर्ता राष्ट्रहरुबीच पहिले नै भएका परामर्शहरुमा ७५०० किलोभन्दा बढीको श्रेणीसहित प्रस्तावित सबै वजन श्रेणीहरुलाई सबै राष्ट्रहरुमा पूर्वाधार गुणस्तरको भावि विस्तारको सम्भावनालाई हेरेर यथावत् राखिन सक्ने कुरा भएको छ । साँघुरा पूर्वाधारहरुका कारण हाल निर्धारित सीमाहरुलाई सञ्चालन अनुमति दिइएका सवारीसाधनको प्रकृति र वजन तोक्ने प्रावधानहरुको प्रयोग गरेर तथा प्रदान गरिएका अनुमतिको संख्यालाई घटाएर व्यवस्थापन गर्न सकिन्छ । |

| चासो | समाधान |
|---|---|
| **७. सवारीसाधनहरुलाई समानताका आधारमा अनुमति जारी गर्दा साना राष्ट्रलाई सहयोगी नहुन सक्छ, किनकि तिनीहरु विकासको भिन्न चरणमा छन् र अर्थतन्त्र एवं पूर्वाधारका हिसाबले बराबरी आकारका छैनन् । यस विषयलाई एमभीएले कसरी निरुपण गर्छ ?** | विगतका परामर्शहरुमा स्पष्ट पारिएको छ कि एमभीएको कार्यान्वयन सानो स्तरमा सुरु गरिने छ र प्रत्येक राष्ट्रमा क्षमता विस्तार भएसँगै यसलाई घनिभूत पार्दै लगिनेछ । यस्ता निर्णयहरु लिँदा साना राष्ट्रहरुको हित र क्षमतालाई उचित ध्यान दिइनेछ । |
| **८. यदि कुनै सवारीसाधन अर्को सदस्य राष्ट्रको सीमाभित्र पुगिसकेको अवस्थामा यसको वैधानिकताको म्याद गुज्रियो भने उक्त सवारीसाधन र यसका चालक दललाई के हुन्छ ?** | यदि अर्को राष्ट्रको भूभागमा प्रवेश गरेको सवारीसाधनको 'अनुमतिपत्र' यसको म्याद सकिनुअगावै प्रयोग भएको रहेछ भने यात्रा पुरा नहुञ्जेलसम्मका लागि यो वैध रहन्छ । तर, यस्तो घटनामा सञ्चालकले यस एमभीएमा उल्लेख भएअनुसार अस्थायी प्रवेशका लागि आवश्यक शर्तहरु पूरा गर्नुपर्नेछ । |
| **९. बीबीआइएन एमभीएको कार्यान्वयनले साना राष्ट्रहरुमा ठूला राष्ट्र सवारीसाधनको भेल लाग्ने र वातावरणमा असर पुग्नेछ । यसलाई बीबीआइएन एमभीएले कसरी समाधान गर्छ ?** | बीबीआइएन एमभीएले एउटा राष्ट्रका निश्चित संख्यामा सवारीसाधनलाई अर्को राष्ट्रमा प्रवेश गर्न अनुमति दिन्छ । यसले निश्चित सडक र भन्सार कार्यालयहरुको छनोट गर्न अनुमति प्रदान गर्छ जसमा सवारीसाधनको वजन र प्रकृतिसमेत निर्धारण गरिएको हुन्छ । त्यसैले साना राष्ट्रहरुमा ठूला राष्ट्रका सवारीसाधनको भेल लाग्ने सम्भावना न्यून छ । साथै, प्रत्येक राष्ट्रले तोकिएको संख्यामा सवारीसाधनलाई अनुमति दिने हुँदा वातावरणीय प्रभावको पनि सहजै आँकलन गर्न सकिन्छ । 'क्लीन फ्यूल' को प्रयोगमा जाने आवश्यक उपायहरु अबलम्बन गरेर पनि यस परिस्थितिमा थप सुधार गर्न सकिन्छ । |
| **१०. बीबीआइएन एमभीएमा 'सवारीसाधनको दायित्व बीमा' सम्वन्धी प्रावधान छ ?** | हो । बीबीआइएन एमभीएको धारा ११ ले श्रेणीगतरुपमा उल्लेख गरेको छ कि एउटा दर्तावाल बीमा कम्पनीले सबै राष्ट्रहरुमा अनियमित सवारीसाधनहरुलाई तेस्रो पक्ष क्षति विरुद्धको सुनिश्चितता गर्नेछ भने नियमित यात्रुवाहक तथा मालवाहक सवारीसाधनका लागि वृहद् बीमा नीति कार्यान्वयन गरिनेछ । |

| चासो | समाधान |
| --- | --- |
| **११. एउटा राष्ट्रको सवारीसाधनले अर्को राष्ट्रको क्षेत्रमा दर्घटना गराउँदा तेस्रो पक्षलाई बीमा/क्षतिपूर्तिको व्यवस्था बीबीआइएन एमभीएले गरेको छ ?** | हो । यो सम्झौताले कुनै पनि दुर्घटनाबाट तेस्रो व्यक्तिलाई क्षति पुगेको र त्यसबाट सवारीसाधनको सञ्चालक वा मालिकलाई दायित्व उत्पन्न भएको अवस्थामा बीमा/क्षतिपूर्ति उपलब्ध गराउँछ । दुर्घटनाबाट क्षति भोग्ने व्यक्तिले सवारीसाधन सञ्चालक वा मालिकको सवारी दायित्व बिमकसँग क्षतिपूर्ति दावी गर्ने अधिकार राख्छ । अर्को देशको सवारीसाधन भएमा त्यसको प्रतिनिधि कार्यालय वा बीमा कम्पनीमार्फत यस्तो दावी गर्न सकिन्छ । |
| **१२. एउटा देशको सवारीसाधन अर्को देशको भूभागमा सञ्चालन भइरहँदा उसँग तेस्रो पक्ष बीमा छ या छैन भन्ने कसरी थाहा हुन्छ ?** | सम्झौताअनुसार सवारीसाधन सञ्चालकले हरेक समयमा आफूसँग भएको बैध बिमाको प्रमाण साथमा राख्नुपर्छ र चाहेको बेला देखाउनुपर्छ । |
| **१३. बीबीआइएन एमभीएले नियमित र अनियमित यात्रुवाहक सवारीसाधनलाई अस्थायी प्रवेशको अनुमति दिन्छ ? यदि दिन्छ भने त्यस्तो अस्थायी प्रवेशका लागि कस्ता कागजातहरु चाहिन्छन् ?** | हो । बीबीआइएन एमभीएले एउटा देशको सवारीसाधनलाई अर्को देशको भूभागमा अस्थायी प्रवेशका लागि अनुमति दिन्छ । अस्थायी प्रवेशका लागि सवारीसाधनहरुले आफ्नो देशको सरोकारवाला निकायद्वारा जारी गरिएको कागजात बोक्नुपर्ने हुन्छ, जसमा अनुमति नम्बर र मिति, अनुमतिको वैधानिकता गुज्रिने म्याद, सवारीसाधन दर्ता भएको देश, सवारीसाधनको दर्ता नम्बर, प्रवेश तथा निस्काशन विन्दू लगायतका विवरणहरु समावेश हुन्छन् । यो विद्युतीय माध्यमबाट गरिन्छ । यस्तो कागजातको पूर्ण प्रारुप यात्रुको प्रोटोकलमा उपलब्ध गराइन्छ । |
| **१४. यदि यातायात सञ्चालकले सम्झौताका प्रावधानहरु उल्लंघन गरेको खण्डमा के हुन्छ ?** | यदि यातायात सञ्चालकले सम्झौताका प्रावधानहरु उल्लंघन गरेको खण्डमा सम्वन्धित राष्ट्रको भन्सार प्रशासनले यातायात सञ्चालक वा मालिक वा अनुमतिवाहकलाई सम्झौतामा उल्लेख भएअनुसार रकम असुलीका लागि सूचना जारी गर्नेछ र त्यसको एक प्रति सवारी सञ्चालकको देशको अनुमति जारी गर्ने तालुकदार निकायलाई पनि पठाइन्छ । यदि आधिकारिक सञ्चालक वा मालिक वा अनुमतिवाहकले सूचनामा उल्लेख भएअनुसारको रकम तोकिएको अवधिमा तिर्न सकेन भने त्यस देशको आधिकारिक निकायले सम्वन्धित देशको भन्सार प्रशासनबाट हुने भुक्तानी प्रभावित बनाउने छ । |

| चासो | समाधान |
|---|---|
| **१५. सम्झौताले नसमेटेका मामलाहरु उत्पन्न भएमा कुन कानून लागू हुन्छ ?** | यात्रुवाहक तथा मालवाहक सवारीहरुको आवागमनलाई सम्झौतामा उल्लेखित प्रावधानहरुले निर्देशित गर्ने भएता पनि केही क्षेत्रहरु छन् जहाँ राष्ट्रिय कानून आकर्षित हुन्छ (कुनै पनि मामलामा जुन बीबीआइएन एमभीएले स्पष्टरुपमा समेटेको छैन) । यसमा सडक दस्तुर, सवारीसाधन चलाउन नसक्ने गरी बिग्रेको अवस्था आदि पर्छन् । |
| **१६. एउटा देशमा दर्ता भएको सवारीसाधन अर्को देशको भूभागमा चलिरहेका बेला त्यसलाई ट्र्याक गर्ने कुनै प्रावधान छ ?** | हो । सम्झौतामा उल्लेख भएअनुसार हस्ताक्षरकर्ता देशहरुले सवारीसाधनको प्रभावकारी ट्र्याकिङका लागि चाँडोभन्दा चाँडो उचित सफ्टवेयरसहित विद्युतीय अनुगमन प्रणालीको स्थापना गर्नेछन् । |
| **१७. एउटा देशमा दर्ता भएको सवारीसाधन अर्को देशको भूभागमा चलाउँदा त्यसका चालक दल परिवर्तन गर्न सकिने प्रावधान बीबीआइएन एमभीएमा छ ?** | बीबीआइएन एमभीएले यो कुरालाई स्पष्टरुपमा उल्लेख नगरेको भए पनि एउटा देशमा दर्ता भएको सवारीसाधन अर्को देशमा सञ्चालनमा रहँदा त्यसका कामदारहरु परिवर्तन गर्न सक्ने अधिकार यातायात सञ्चालकलाई हुनेगर्छ । यस्तो कार्यले कुनै प्राविधिक व्यवधान उत्पन्न नगर्ने र एउटा देशको सवारीसाधन अर्को देशमा निर्वाध सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा छ । |
| **१८. एउटा देशको सवारीसाधन अर्को देशमा चलिरहँदा दुर्घटना भयो, मेसिन विग्रियो वा तालिकाविपरित रोकिनुपर्‍यो भने के हुन्छ ?** | सम्झौतामा भनिएको छ कि एउटा देशको सवारीसाधन अर्को देशमा दुर्घटना भएको वा नचल्ने गरी बिग्रेको अवस्थामा त्यसका चालक दल वा आधिकारिक सञ्चालकले स्थानीय कार्यालयमा यी कुराहरुका लागि सूचना दिनेछन्:<br>क) सम्वन्धित देशको कानूनअनुसार आवश्यक कदम चाल्न<br>ख) यात्रु तथा चालक दललाई सुरक्षित तरिकाले गन्तव्यमा पुर्‍याउनका लागि आवश्यक सहयोग प्राप्त गर्न ग) यात्रु तथा चालक दलका लागि आवश्यक वा आपत्कालीन स्वास्थ्य सहायताको प्रवन्ध गर्न |

With the support of
UKaid Foreign, Commonwealth & Development Office
ADB Asian Development Bank

CUTS International
D-217, Bhaskar Marg, Bani Park, Jaipur 302 016, India
Ph: +91.141.228 2821, Fax: +91.141.228 2485, E-mail: cuts@cuts.org, Web: www.cuts-international.org
Also at Delhi, Kolkata and Chittorgarh (India); Lusaka (Zambia); Nairobi (Kenya); Accra (Ghana); Hanoi (Vietnam); Geneva (Switzerland); and Washington DC (USA).

July, 2021